“त्रिधार्मिक तपोभूमि हलेसी”

# क्षमता विकास योजना

## Capacity Development Plan

आर्थिक वर्ष २०७९/८० - २०८१/८२

## हलेसी तुवाचुङ नगरपालिका
## खोटाङ



# क्षमता विकास योजना
## Capacity Development Plan

आ वा. २०७९/८० - आ.वा. २०८१/८२

# हलेसी तुवाचुङ नगरपालिका
# खोटाङ


क्षमता विकास योजना तयार गर्ने

**इन्स्टिच्युट फर इन्टरनेशनल डेभलपमेन्ट प्रा. लि .**

ललितपुर नेपाल

फोन : ०१-५१९०१५४

## नगरप्रमुखहरुको भनाई

नगरप्रमुख: श्री बिमला राई



नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानविय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाए सम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । संविधानको भावना,जनताको अपेक्षा र राजनैतिक दलहरुले निर्वाचनको क्रममा घोषणापत्रमा गरेका प्रतिवद्धता अनुसार सेवा प्रवाहलाई सरल, सुलभ र पारदर्शी बनाउदै सिमित साधन श्रोतवाट जनताको असिमित विकास निर्माणको आवश्कता पूरा गर्ने कार्य निकै चुनौतिपूर्ण छ । तर यस नगरपालिका क्षेत्रमा रहेको त्रिधार्मिक तपोःभूमी हलेसी मन्दिर लगायतका धार्मिक पर्यटकिय स्थलहरु, आधुनिक कृषि प्रणाली र बढ्दो व्यापार, व्यवसायिक केन्द्रको रुपमा रहेको यस हलेसी तुवाचुङ नगरपालिकामा विकासका संभावनाहरु धैरै छन् । स्रोत साधनको पहिचान गरी आवश्यकताहरुको सही प्राथमिकिकरण र स्रोतको उपयुक्त व्यवस्थापन गर्न सकिएमा नगरपालिकाले विकासमा फड्को मार्न सक्दछ । चुनौतिलाई अवसरको रुपमा रुपान्तरण गर्ने हाम्रो प्रतिवद्धतालाई साकार पार्ने क्रमवद्ध प्रयासमा यो ३ बर्षे क्षमता विकास योजना निमार्णले सेवाग्राही,संघ संस्था,सेवा प्रदायक निकाय, जिम्मेवार पदाधिकारी, नागरिक समाज, कर्मचारी, निर्बाचित भई आउने जनप्रतिनिधि एवम् हामीसँग सहाकार्य गर्ने सवैलाई सहयोग पुग्ने विश्वास लिएको छु । यसले वदलिदो परिस्थिती र जन चाहना अनुसार ३ वर्षको लागि क्षमता विकास योजना कार्यान्वयन गर्न प्रथामिकता सहितको खाका तयार गरेको छ । यसको क्रमवद्ध कार्यान्वयनले हाम्रो नगरपालिकामा सुशासन कायम भई सेवा प्रवाह र विकास निमार्णका कार्यक्रम जनताको चाहना अनुसार गर्न हामी सवैको क्षमता अभिवृद्धि हुने विश्वास लिएका छु । अन्तमा क्षमता विकास योजना तयार पार्न आर्थिक सहयोग पुऱ्याउनु हुने प्रदेश प्रशिक्षण केन्द्र,कलवलगुरी, झापा तथा सहजीकरण गर्नु हुने इन्स्टच्युट फर इन्टरनेशनल डेभलपमेन्ट प्रा.लि. ललितपुर र कर्मचारीहरु सम्पूर्णलाई धन्यवाद दिदै यसको प्रभावकारी कार्यान्वयनमा समेत सहयोगको अपेक्षा गर्दछु ।

# शब्द संक्षेप

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.यो. | आवधिक योजना |
| उ.स. | उपभोक्ता समिति |
| कि.मि. | किलोमिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गाउँपालिका |
| गै.स.स. | गैरसरकारी संस्था |
| न.पा. | नगरपालिका |
| बा.नि.का. | वार्षिक नीति तथा कार्यक्रम |
| प्र प्र अ | प्रमुख प्रशासकीय अधिकृत |
| मि. | मिटर |
| वि.सं. | विक्रम सम्वत |
| रु. | नेपाली रुपैयाँ |
| ह.तु.न.पा. | हलेसी तुवाचुङ नगरपालिका |
| CBS | Central Bureau of Statistics |
| NPSAS | Nepal Public Sector Accounting Standard |
| PAMS | Public Assets Management System |
| SuTRA | Sub-national Treasury Regulatory Application |

**क्षमता विकास योजनाको सारांश**

खोटांग जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास योजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ मा आधारित भएर तयार गरिएको छ | यो योजना प्रदेश प्रदेश केन्द्र, प्रदेश न. १ को आर्थिक प्राविधिक सहयोगमा तयार गरिएको छ | साथै यस क्षमता विकास योजना तीन आर्थिक वर्ष (२०७९-८०, २०८१-८२) सम्मको लागि तयार गरिएको हो | यस योजनाले क्षमता विकास योजनामा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय जस्ता १० वटा क्षेत्रहरुलाई आधार लिइएको छ । यो क्षमता विकास योजनामा समय तथा स्रोतबद्ध गरिएको क्रियाकलाप सहितको कार्य तालिका उल्लेख छ । क्रियाकलापहरु तीन वर्ष अवधिमा सम्पन्न भएपछि पालिकाको विद्यमान कार्य क्षमतामा वस्तुगत ढंगले देख्न सकिने गरी अभिवृद्धि हुनेछ । कार्य क्षमताका प्रस्तुत क्रियाकलापहरु कार्यान्वयन गर्न स्रोतको आवश्यकता पर्दछ । त्यसका लागि माग र आपूर्तिमा आधारित अर्थात कुनै क्रियाकलाप पालिका स्वयंको आन्तरिक आय आर्जनबाट वा राजस्व बाँडफाँडबाट व्यहोर्नु पर्ने हुन्छ भने धैरै क्रियाकलापका लागि चाहिने स्रोत आपूर्ति अर्थात प्रदेश सुशासन केन्द्र, नेपाल सरकार तथा प्रदेश सरकारको आफ्ना वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको सिलसिलामा प्राप्त हुने गर्दछ । क्षमता विकास योजनामा समावेस भएका क्रियाकलापहरु र बजेट नगरपालिकाले आफ्नो मात्र स्रोतबाट व्यहोर्नु पर्ने देखिदैन ।

हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास क्रियाकलापलाई पहिलो र दोश्रो प्राथमिकतामा वर्गिकरण गरिएको छ । प्रथम प्राथमिकता अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापहरु कार्यान्वयन गर्न नगरपालिका आफैले सकेसम्म स्रोतको जगेर्ना गर्न प्रत्येक वर्ष बन्ने गरेको वार्षिक योजना तथा कार्यक्रममा ती क्रियाकलापहरु राख्न सुझाव दिइएको छ । त्यसैगरीदोश्रो प्राथमिकतामा रहेका क्रियाकलापहरुका निमित्त विभिन्न साझेदारहरु खोजी गर्न सकिन्छ ।

नगरपालिकाको समग्र क्षमता अन्तराल पत्ता लगाउने सन्दर्भमा अध्ययन, लेखाजोखा गर्दा सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय जस्ता विषय क्षमता पर्याप्त मात्रामा रहेको देखिएन । त्यसैगरी, सार्वजनिक खरिदको क्षेत्रमा नियमहरु चाडोचाडो परिवर्तन भइरहने र प्राविधिक निर्देशिकाहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरिरहने अवस्था हुँदा सो को अद्यावधिक जानकारी विना गरिएको खरिदमा त्रुटीहरु देखिन सक्छन् । तसर्थ, पालिकाको यो क्षमता बढाउन अल्पकालिन एवं दीर्घकालिन प्रशिक्षणको आवश्यकता देखिएको छ ।

# बिषय सुचि


| विषय | पृष्ठ संख्या |
|---|---|
| १. पृष्ठभुमि | १ |
| २. लक्ष | १ |
| ३. उद्देश्य | २ |
| ४. औचित्य | २ |
| ५. सन्दर्भ सामाग्रीहरुको अध्ययन | ३ |
| ६. हलेसी तुवाचुङ नगरपालिकाको सम्क्षिप्त परिचय | ५ |
| ७. क्षमता विकास योजनाको परिचय | ६ |
| ८. क्षमता विकास योजना निर्माण तथा बिधि प्रक्रिया | ७ |
| ८.१. सन्दर्भ सामग्री अध्ययन/दस्तावेज अध्ययन | ७ |
| ८.२. प्रश्नावली तयार | ७ |
| ८.३. प्रमुख सूचनादाता संगको अन्तरवार्ता | ८ |
| ८.४. सरोकारवाला निकायहरुसंग कार्यशाला गोष्ठी | ८ |
| ८.५. सूचना संकलन तथा विश्लेषण: | ८ |
| ८.६. क्षमता विकास योजना तयारि र हस्तान्तरण | ८ |
| ९. हलेसी तुवाचुङ नगरपालिका, खोटाङको क्षमता लेखाजोखा र अन्तराल पहिचान | ९ |
| ९.१. मानव संसाधनको अवस्था बिस्लेषण: | ९ |
| ९.२) संस्थागत विश्लेषण (संस्थागत क्षमता स्वमूल्यांकनको आधारमा) | १६ |
| ९.३ पूर्वाधार विस्लेषण | २५ |
| ९.४. समिति उपसमितिहरुको अवस्था विश्लेषण | २६ |
| १०. हलेसी तुवाचुङ नगरपालिकामा सवल र कमजोर पक्षको (SWOT बिस्लेषण) | २९ |
| ११ हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास योजना | ३४ |
| १२ निर्कर्ष, अनुगमन र मूल्यांकनको व्यवस्था | ४१ |
| १३ सन्दर्भ सामग्री | ४४ |

## १. पृष्ठभूमि

नेपालको संविधानले स्थापित प्रदेश सरकारहरुले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढङ्गले वहन गर्न उनीहरुले काम गर्ने तौर तरिका, कार्यशैली र चिन्तन अनुरुप थप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ। , स्थानीय सरकारको सेवाप्रवाह, व्यवस्थापन गर्ने व्यवस्थापकीय क्षमता राम्रोसंग विकास नभैसकेको र संघीय सरकारको अन्तर सरकारी सन्यन्त्र व्यवस्थापनको लागि पनि कम मात्र अनुभव छ।यसैपनि स्थानीय सरकारको प्रभावकारिता नै संघीयता कार्यान्वयनमा मियोको रुपमा काम गर्ने कुरामा दुई मत छैन।स्थानीय सरकारद्धारा प्रवाह गरिएका सेवा,सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरुपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रतिको विश्वसनियता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरुमा नैराश्यता बढ्छ।यस कारण परिवर्तित सन्दर्भमा अपेक्षित परिणाम हासिल गर्नका लागि स्थानीय सरकारको संस्थागत साथसाथै मानव स्रोतको क्षमता विकासमा सुधार ल्याउन आवश्यक छ, जसले गर्दा सो मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी बनाउदै सेवा प्रवाहमा सोचेको परिणाम हासिल हुन सकोस् | यथार्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधी र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रुपमा वृद्धि गरी नागरिकहरुप्रति पूर्णरुपमा उत्तरदायी सरकारको रुपमा काम गर्न आवश्यक छ ।

स्थानीय तहको जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास आवश्यकता पहिचानले प्रशिक्षणको लागि आवश्यकतामा आधारित पाठ्यक्र निर्माण गर्न र विभिन्न बिषयगत क्षेत्रमा प्रभावकारी रुपमा ज्ञान तथा सीप प्रदान गर्न आवश्यक सहयोग गर्दछ।उचित प्रकारको पाठ्यक्रम निर्माण गर्न र त्यस अनुरुप तालिम सञ्चालन गर्नका लागि आवश्यक साझा आवश्यकताहरु,चुनौतीहरु तथा कार्यान्वयन रणनीतिहरु जान्नु महत्वपूर्ण हुन्छ।क्षमता आवश्यकताहरुको अध्ययनबाट तालिम प्रदायकहरुको लागि प्राथमिकतामा रहेका क्षमता आवश्यकताहरु बारे विचार गर्न र रणनीतिहरु त्यार गर्न सहयोग मिल्दछ । त्यसैले हलेसी तुवाचुङ नगरपालिका जनप्रतिनिधिहरु कर्मचारीहरुका क्षमता आवश्यकता पहिचान गरी हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास योजना निर्माण गर्नका लागि यो परियोजना प्रस्ताव तयार गरिएको छ ।

## २. लक्ष

नगरपालिका र सहयोगी निकायहरुको संस्थागत तथा मानब संसाधन क्षमता अभिवृद्धि मार्फत विकास ब्यबस्थापन तथा सार्बजनिक बस्तु तथा सेवा प्रवाहलाई प्रभाबकारी, गुणस्तरीय, छिटो छरितो र प्रभावकारी बनाउन मद्दद गर्ने लक्ष रहेको छ |

## ३. उद्देश्य

क) हलेसी तुवाचुङ नगरपालिकामा भएका प्रमुख क्षमता विकास(मानवीय क्षमता विकास) को अवस्था (प्रमुख क्षमता विकासका क्रियाकलापहरु र त्यसले कार्य सम्पादनमा पारेको प्रभाव, क्षमता विकासका क्षेत्रमा देखिएका समस्या तथा चूनौतीहरु) पत्ता लगाउने ।

ख) हलेसी तुवाचुङ नगरपालिकाको जननिर्वाचित प्रतिनिधिको क्षमता विकास आवश्यकता पहिचानका लागि आवश्यक क्षमता विकासका प्रमुख विषयहरु पहिचान गर्ने।

ग) हलेसी तुवाचुङ नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि आवश्यक क्षमता विकासका प्रमुख विषयहरु पहिचान गर्ने (शाखागत तथा समग्र रुपमा) ।

घ) हलेसी तुवाचुङ नगरपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुका क्षमता विकासका उपयुक्त माध्यम रणनीतिहरु पहिचान गर्ने ।

**उद्देश्यका सूचकहरु:**

- ✓ क्षमता विकास योजनाको अन्त्य (आ.व. ०८१/८२) सम्ममा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमापनमा यो नगरपालिकाले ७३ अंक प्राप्त गरेको हुनेछ ।
- ✓ आन्तरिक राजस्वको परिचालनमा आधार वर्ष (आ.व. ०७९/८०) को तुलनामा १५ प्रतिशत वृद्धि भएको हुनेछ ।
- ✓ क्षमता विकास योजनाको अन्त्यमा सेवा तथा सुविधामा पहुँच कम रहेका समुदाय एवं विपन्न वर्गको सहभागितामा आधार वर्षको न्यूनतम एक चौथाईले वृद्धि भएको हुनेछ ।
- ✓ नगरपालिकाद्वारा संचालित योजना/कार्यक्रमहरु मध्ये अधिकांश (कम्तीमा तीन चौथाई) योजना कार्यक्रमहरु लक्षित लागत एवं समयमा सम्पन्न भएका हुनेछन् ।

## ४. औचित्य

नगरपालिकाको क्षमता विकास योजना निर्माण गर्नुको औचित्य निम्न अनुसार छन् :

क) संबिधानमा उल्लेखित अधिकार र जिम्मेवारीहरु लाई राम्रो संग सम्पादन गरि सेवाग्राहीहरु लाई छिटो छरितो, पारदर्शी, गुणात्मक, कम झन्झटिलो सेवा प्रवाह गर्ने जिम्मेवारी एब दायित्व स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको

ख) स्थानीय सरकारबाट संचालन गरिने सामाजिक आर्थिक, बातावरणीय गतिबिधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरुलाइ दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको

ग) स्थानीय सरकारका अधिकार र जिम्मेवारी राम्रो संग सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरु र कार्मचारीहरुको क्षमता बिकास गर्न आवश्यक रहेको

घ) विकास प्रशासनका नया आयाम, प्रबिधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रुपमा

ङ) प्रबिधियुक्त बनाउदै नागरिकहरुको अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्ने आवश्यक रहेको |

च) माग र आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रम संचालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सिप र धारणा विकास तथा जनउत्तरदायी शासंन प्रणाली स्थापित गर्न आवश्यक रहेको

## ५. सन्दर्भ सामग्रीको अध्ययन

नेपालको संविधान २०७२ ले केन्द्रीकृत र एकात्मक राज्य प्रणालीलाई अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था स्थापना गरेको छ । नेपालको संविधानले तीन तह (संघ, प्रदेश र स्थानीय) को सरकारको व्यवस्था गरी २०७३ फाल्गुणमा साविकका गाउँपालिका तथा नगरपालिकाहरूलाई खारेज गरी स्थानीय सरकारको नयाँ संरचना कायम गरेको हो । नेपालमा ७५३ वटा स्थानीय सरकारहरू (२९३ नगरपालिकाहरू तथा ४६० गाउँपालिकाहरू) र ७७ वटा जिल्ला समन्वय समितिहरू स्थापना भएपछि २०७४ साल असोजसम्ममा सबै पुनर्गठित स्थानीय सरकारहरूको निर्वाचन सम्पन्न भएको थियो । स्थानीय सरकारको निर्वाचन सम्पन्न भए लगत्तै २०७४ साल असोजमा नै स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन जारी भएको थियो । यी ऐनले संवैधानिक व्यवस्था अनुसार स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय सरकारमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न वित्त व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारको अधिकारलाई थप स्पष्ट व्यवस्था गरेको छ ।

संवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत् प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ । यसले गर्दा विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त भएको छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न, सुखी र समृद्ध नेपाल निर्माण गर्न तथा सामाजिक न्याय स्थापित गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तर सुधारमा धेरै प्रयत्न गर्नुपर्ने देखिएको छ । परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ति तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ । जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वन गर्दै जानुपर्ने हुन्छ । क्षमताबिकासको योजना तर्जुमा गर्दा संस्थागत क्षमता, मानब संसाधन विकास क्षमता र ऐन नीति नियमसम्बन्धित क्षमतालाई ध्यान दिनु पर्दछ |

संस्थागत क्षमता भन्नाले सामान्यतया कुनै निश्चित समयमा संस्थाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध,

व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणालाई जनाउँदछ, जसले निम्न कार्य गर्न सक्ने क्षमता विकास गराउँदछ : सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने, दीगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्ने काम गर्दछ| यसका साथै संस्थागत क्षमता विकास नीतिले क्षमता विकास कसरी गर्ने भन्ने तरिका निर्धारण गर्दछ। जस्तै ; पुराना तथा अनुपयुक्त क्षमताहरूलाई हटाउने वा रूपान्तरण गर्ने, विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्ने,विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्ने, नयाँ क्षमता स्थापना गर्ने जस्ता कार्यहरु नीति नियममा आधारित हुने गर्दछन ।

क्षमता विकास लामो निरन्तर प्रक्रिया हो | यसको माध्यमले व्यक्ति, संगठन र समाजमा आइपर्ने समस्याहरु समाधान गर्ने, सम्भाव्यताको खोजि गर्ने, सम्भावनाहरुको उपयोग गर्ने तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि भन्ने बुझाउँदछ ।

संस्थागत क्षमता भन्नाले सामान्यतया कुनै निश्चित समयमा संस्थाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणालाई जनाउँदछ | जसले सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने , दीगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्ने गर्दछ ।

**हलेसी तुवाचुङ नगरपालिकाको अपेक्षित प्रतिफल**

क्षमता विकास योजनाको कार्यान्वयनबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ:

- ✓ हलेसी तुवाचुङ नगरपालिकाको संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई मावन संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- ✓ नगरपालिकाको मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- ✓ माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- ✓ समुदाय र सरोकारवालाहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुनेछ ।
- ✓ नगरपालिकाका आर्थिक तथा वित्तिय एवं भौतिक प्रतिवेदनहरु समयानुकुल रुपमा तयार एवं सार्वजनीकिकरण हुनेछन् ।

६. **हलेसी तुवाचुंग नगरपालिकाको संक्षिप्त परिचय:**

हलेसी तुवाचुङ नगरपालिकाको नामाकरण नेपालकै प्रसिद्ध हिन्दु, किराँत एवं बौद्ध धर्मावलम्वीहरुको तीर्थस्थल "हलेसी महादेवस्थल" किराँत संस्कृतिको उद्गम स्थल अथवा आदिभूमिको रुपमा परिचित "तुवाचुङ जयजुम डाँडा" को नामबाट गरिएको हो । हलेसी महादेवलाई हिन्दु धर्मावलम्बीले पूर्वको पशुपति, बौद्धमार्गीले दोश्रो लुम्बिनी र किराँत धर्मावलम्बीहरुले आदिम भूमि ठान्छन् ।

भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन: सामुद्रिक सतहबाट करिव ३०० मिटर देखि १८३५ मिटर उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल २८०.१७ वर्ग किमिमा फैलिएको छ । खोटाङ जिल्लाको १७.५९ प्रतिशत भूभाग यस नगरपालिकाले ओगटेको छ । यस नगरपालिकाको पश्चिममा दुधकोशी नदी, दक्षिणमा सुनकोशी नदी, दक्षिणपूर्वमा दिप्रुङ्ग चुईचुम्मा गाउँपालिका र पूर्वी भागमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका पर्दछ भने उत्तरी भेगमा रावाबेसी गाउँपालिका पर्दछ ।

यो नगरपालिका पहाडी भेगमा अवस्थित छ र यसको भूधरातल मूख्यतया महाभारत पर्वतले ढाकेको छ । ० देखि ४५ डिग्रीसम्मको भिरालो जमीन रहेको यस नगरपालिकामा २५ वटा भन्दा बढी साना तथा ठूला खोलाहरु रहेको एवं दुइतिरको भाग दुधकोशी र सुनकोशी नदीले घेरेको भएतापनि कोशी आसपासका केही भाग बाहेक अधिकांश भूभाग सुख्खाग्रस्त रहेका छन् । यस क्षेत्रमा धान, मकै, गहुँ, कोदो, आलु, तरकारी, सदाबहार तथा पतझड फलफूल, अदुवा, अलैची, कफी आदि लगाईन्छ ।

नगरपालिकाको कूल क्षेत्रफलको ३७.१ प्रतिशत भू-भाग कृषि जमीनले ओगटेको छ भने वन तथा चरण क्षेत्रले ३६.३ प्रतिशत र झाडीले २२.० प्रतिशत ओगटेको छ ।

वडागत क्षेत्रफलका आधारमा सवैभन्दा ठूलो वडा नं. ११ रहेको देखिन्छ भने जनसंख्याको हिसावले ठूलो वडा नं. ५ मा १३.३४ प्रतिशत जनसंख्या रहेको छ । जनघनत्वको हिसावले वडा नं. ६ मा २४१ जना प्रति किमि बसोवास रहेको देखिन्छ । *श्रोतः हलेसी तुवाचुङ नगरपालिकाको आवधिक योजना (२०७६/७७ - २०८०/८१)*

**नगरपालिकाको आर्थिक तथा सामाजिक अवस्था**: यस नगरपालिकामा ८८ प्रतिशत जनसंख्या कृषि तथा पशुपालन कार्यमा संलग्न रहेको देखिन्छ । आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने परिवार १०.३६ प्रतिशत रहेको छ । जनसंख्याको ४.७४ प्रतिशत व्यापार व्यवसायमा र २.३५ प्रतिशत बैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ । घरधुरी सर्वेक्षण २०७५ अनुसार नगरपालिकाको साक्षरता प्रतिशत ८३.३७ रहेको देखिन्छ ।साक्षरमात्र भएको जनसंख्याको प्रतिशत २६.९२, आधारभूत शिक्षा पूरा गर्ने २१.६४ प्रतिशत, माध्यामिक वा सो भन्दा बढी योग्यता हासिल गर्नेको प्रतिशत ३०.६३ रहेको देखिन्छ । विद्यालय बाहिर रहेका वालवालिकाहरुको संख्या १६६ जना रहेको देखिन्छ । नगरपालिकाभित्र ८५ वटा आधारभूत र ७ वटा माध्यामिक विद्यालय संचालनमा रहेका छन् । नगरपालिकाभित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गरिरहेका छन् । ९० प्रतिशत बालिबालिकाले विभिन्न स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै २.१५ प्रतिशत बालिबालिका कुपोषणको शिकार भैरहेको देखिन्छ

। यस क्षेत्रमा ११ वटा बर्थिङ्ग सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ५४ रहेको छ । *श्रोतः हलेसी तुवाचुङ नगरपालिकाको आवधिक योजना (२०७६÷७७ - २०८०÷८१)*

नगरपालिकाको जनसाङ्खिक अवस्थाः केन्द्रिय तथ्यांक विभागको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकाको जम्मा घरधुरी संख्या ५९४८ रहेको छ भने जम्मा परिवार संख्या ६४४९ रहेको छ । नगरपालिकाको जम्मा जनसख्या २७२७४ रहेकोमा पुरुषको संख्या १३४३४ र महिलाको संख्या १३८४० रहेको छ ।

## ७. क्षमता विकास योजनाको परिचय

क्षमता विकास योजना भन्नाले मानबिय संसाधन र सस्थागत बिकासका लागि नगरपालिकाका कर्मचारीहरु बर्तमान अवस्थामा रहेको सीप, दक्षता, कार्यकुशलताको पहिचान गर्ने र आगामी दिनमा प्रभावकारी ढंगले कार्य गरि नतिजामुखी जवाफदेही कार्यप्रणालीको व्यवस्थाका गर्नको लागि आवश्यक क्षमता र सीप विकासका कार्यक्रमको योजना निर्माण गर्ने कार्य लाई बुझाउछ| क्षमता विकास योजनाको बिषय बस्तु तथा लक्षित क्षेत्रको आधारमा क्षमता विकास योजनालाई दुई किसिममा बिभाजन गरिएको छ :

### ७.१. संस्थागत क्षमता विकास योजना

नगरपालिकाले संस्थागत क्षमता विकास योजना सम्बन्धित सबै पक्षहरूलाई समेटी सहभागितात्मक विधिबाट तयार गरिएको थियो। संस्थागत क्षमता विकास योजना तर्जुमाका साथै कार्यसम्पादनका निम्न अनुसार गरिएको थियो:

**क्षमता विकासको योजना तथा नीति तर्जुमा प्रक्रियाबारे अभिमुखीकरणः** नगरपालिकाको क्षमता विकास योजना तर्जुमा विषयमा जानकारी गराउन प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । नगरपालिकामा कार्यरत शाखा प्रमुखहरू तथा वडा अध्यक्षहरु वडा सचिवहरूको सहभागितामा क्षमता बिकास अभिमुखीकरण गरिनुको साथै योजना निर्माणको लागि छलफल गरिएको थियो । यसका नगरपालिकामा मानव संशाधन शाखा गठन नभएको र प्रशासनले नै मानब संसाधन विकास सम्बन्धि सम्पादन गर्ने कार्यहरु गर्ने गरेको छ | मानब संसाधन विकास इकाई वा शाखा गठन गरि नीति, कार्यविधि र बजेट तथा क्षमता विकास योजना निर्माण गर्नु पर्ने देखिन्छ | मानव संशाधन विकास एकाइ गठन गरी समितिको सचिवालयका रूपमा जिम्मेवारी दिनु उपयुक्त हुने देखिन्छ ।

### ७.२. मानब संसाधन बिकास योजना

नगरपालिकाले संस्थागत क्षमता विकास योजनामा पहिचान भएका विद्यमान मानव संशाधनको ज्ञान, सीप र धारणा विकासका लागि समावेश गर्नुपर्ने विषयवस्तु, विधि तथा सहभागीहरूको पहिचान गर्ने मानव

संशाधन विकास योजना तर्जुमा गरिएको छ । मानव संशाधनको क्षमता लेखाजोखा गर्नको लागि बिषयगत शाखामा कार्यरत कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा निजमा रहेको विद्‍यमान ज्ञान, सीप र धारणाबीचको अन्तर पहिचान गर्नको लागि प्रश्नावली तयार गरि सम्बन्धित शाखामा वितरण गरिएको थियो। कर्मचारीको हुनुपर्ने र बिधमान ज्ञान, सीप र धारणाको अन्तर पहिचान गर्ने कार्य व्यक्तिगत र समूहगत रूपमा संकलन गरिएको थियो। नगरपालिकाको बिध्यमान मानव संशाधनको क्षमता लेखाजोखा फारामको ढाँचा अनुसूची ३ मा उल्ल्लेख गरिएको छ ।

## ८. क्षमता विकास योजना निर्माणका बिधि प्रक्रिया

इन्स्टिच्युट फर इन्टरनेशनल डेभलपमेन्टले हलेसी तुवाचुङ नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्र प्रदेश नं १ संग समन्वयमा हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास योजना निर्माण गरेका बिधि र प्रक्रिया निम्न अनुसार छन् :

### ८.१. सन्दर्भ सामग्री अध्ययन/दस्तावेज अध्ययन

आई.आई.डी.का परामर्शदाताले हलेसी तुवाचुङ नगरपालिकाको जनप्रतिनिधिहरु र कर्मचारीहरुका क्षमता आवश्यक पहिचान अध्ययनका लागि चाहिने आवश्यक दस्तावेज तथा तथ्यांक संकलन गरि अध्ययन गरिएको थियो | यसैगरी नगरपालिकाको आवधिक योजना, वस्तुगत विवरण (प्रोफाइल), नगरपालिकाको वार्षिक रणनीति तथा योजना, संघियता कार्यन्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा, संघियतातर्फको संक्रमण व्यवस्थापनका लागि तयार गरिएको नीतिपत्र र स्थानीय तहको क्षमता आवश्यकता पहिचान अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन एवम अध्ययन गरि सोहि सन्दर्भ सामग्रीलाई आधार मानेर यस नगरपालिकाको विश्लेषण गरि क्षमता विकास योजना तर्जुमा गरिएको थियो |

### ८.२ प्रश्नावली तयार

आई.आई.डी.का परामर्शदाताले हलेसी तुवाचुङ नगरपालिकाको जनप्रतिनिधिहरु र कर्मचारीहरुका क्षमता आवश्यकता पहिचान अध्ययन संगै क्षमता विकास योजना निर्माणका लागि चाहिने तथ्यांक संकलन गर्न प्रश्नावली तयार गरी सूचना संकलन गरिएको छ | प्रश्नावलीमा हलेसी तुवाचुङ नगरपालिकामा भएका मानवीय क्षमता विकासले कार्य सम्पादनमा पारेको सकारात्मक प्रभाव, क्षमता विकासका क्षेत्रमा देखिएका समस्या, चूनौतीहरु र अवसरहरु विश्लेषण गरि आवश्यक रणनीतिहरु तयार गर्न सम्बन्धित विषयहरुका प्रश्नावली मार्फत संकलन भएका उत्तरले मद्‍दत गरेका थिए|

## ८.३ प्रमुख सूचनादाता संगको अन्तरवार्ता

स्रोत व्यक्तिहरुले नगरपालिकाका बिषयगत शाखाका अधिकृत, कर्मचारीहरु लगायतका प्रमुख सूचनादातासंग अन्तर्वार्ता गरेर सूचना संकलन गरिएको थियो | अन्तर्वार्तामा प्रमुख प्रशासकीय अधिकृत ,शाखा प्रमुखहरु, बिषयगत समितिका संयोजकहरुका साथै अन्य कर्मचारीहरुसंग अन्तर्वार्ता लिइएको थियो|

## ८.४ सरोकारवाला निकायहरूसँग कार्यशाला गोष्ठी

हलेसी तुवाचुङ नगरपालिकाको जनप्रतिनिधि र कर्मचारीसंग कार्यशाला गोष्ठी संचालन गरि नगरपालिकाका कर्मचारीहरु र जनप्रतिनिधिहरुलाई क्षमता विकास योजना तर्जुमा सम्बन्धि अभिमुखीकारण आवश्यकता पहिचान संगै क्षमता विकास योजनाको लागि प्राप्त भएका सूचनाहरुको विश्लेषण गरि प्रतिवेदन तयार गरिएको छ |

**८.५. सूचना संकलन तथा विश्लेषण**: नगरपालिकाको क्षमता विकास अध्ययनकार्यको सहजीकरण र समन्वय गर्ने स्रोत व्यक्तिद्वारा सूचनाहरु संकलन गरिएको थियो | साथै नगरपालिकाको सवल पक्ष्,कमजोर पक्ष, अवसर र चुनौती (SWOT) बिश्लेषण गर्दा भौतिक स्रोत साधन, ऐन, नियम, बिधि र प्रणाली, जनशक्ति व्यवस्था र ज्ञान,सीप र दक्षतालाई ध्यानमा राखेर गरिएको थियो | SWOT विश्लेषण गर्दा नगरपालिकामा उपलब्ध अवसर र सबल पक्ष लाई बढाउदै जाने र कमजोरी तथा बाधालाई घटाउदै जाने किसिमले क्षमता बिकासका लागि गर्नु पर्ने कार्यहरुको सुची तयार पारिएको थियो | सोही अनुरुप क्षमता विकास योजना तर्जुमा गरिएको थियो |

## ८.६ क्षमता विकास योजना निर्माण तथा पेश

आइ.आइ.डी.ले प्राप्त सूचना तथा सल्लाह सुझावहरुलाई समावेश गरी हलेसी तुवाचुङ नगरपालिकाको क्षमता विकास योजना योजना निर्माण गरी नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्र प्रदेस १ समक्ष पेश गरिएको छ |

## ९. हलेसी तुवाचुङ नगरपालिका, खोटाङको क्षमता लेखाजोखा र अन्तराल पहिचान

हलेसी तुवाचुङ नगरपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक छ । यसको विषय विज्ञहरुले खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडाध्यक्ष, वडा वडा सदस्य, सचिवहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त गरेको थियो । यसैको आधारमा गरिएको उक्त नगरपालिकाको क्षमता लेखाजोखा देहाय बमोजिम देखिएको छ :–

### ९.१) मानव संसाधनको अवस्था बिस्लेषण:

| पदीय जिम्वेवारी/पद | सम्पादन गर्नु पर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्धमान अवस्था | कार्य सम्पादनमा देखिएको अन्तराल GAP | कार्य सम्पादन सुधारको लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, दक्षता | क्षमता विकासको क्षेत्र मानव संसाधन वा सस्थागत वा प्रणालीगत |
|---|---|---|---|---|---|
| नगर प्रमुख | सभाको कार्यसूची, बैठक, आह्वान र निर्णय कार्यान्वयन गराउने | • वार्षिक budget तथा कार्यक्रम समयमै पेस भएर पारित भएको जस्तै आ.व. २०७७/७८ को वार्षिक budget तथा कार्यक्रम असार १० गते पेस भएर पारित भएको | • वार्षिक प्रगति समिक्षा नभएको,<br>• स्थानीय विकास समस्या समाधान समिति गठन नभएको<br>• १२ वटै महिनामा कार्यपालिकाको बैठक नबसेको र पूर्व बैठकका निर्णयको समिक्षा नभएको<br>• जवाफदेहिताका औजारको प्रयोग कम मात्रामा भएको | • वार्षिक प्रगति समिक्षा र budget तुर्जमा सम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रम | सस्थागत<br><br>मानव संसाधन |
| | ऐन कानून निर्माण सम्बन्धि | • नगरपालिकाको संचालनको लागि झन्डै ४० वटा ऐन लगायत निर्देशिका, नियमावली, कार्यविधि समेत | • आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रवाहका साथ साथै अन्य कानूनहरु निर्माण नभएको | कानून निर्माण सम्बन्धि अभिमुखिरण कार्यक्रम | मानव संसाधन<br><br>सस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरि ७३ वटा कानून जारि गर्नु पर्नेमा हालसम्ममा ऐन लगायत निर्देशिका, नियमावली, कार्यविधि, निर्देशिका गरी ३९ वटा जारी भएको | • कानून तर्जुमा गर्ने बिज्ञ जनशक्ति नभएको | | |
| | प्रशासकीय तथा आर्थिक व्यवस्थापन | • नगरपालिका, वडा समितिहरुको, कर्मचारी प्रशासनको नियमित कार्यको रेखदेख नगरपालिकाबाट गरिएको<br>• नगरको सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन नगर प्रमुखबाट भैरहेको | • गुनासो दर्ता र समाधानको लागि भएका प्रयासको अभिलेखीकरण नभएको | सस्थागत अभिलेखीकरण, नेतृत्व विकास, कार्यालय व्यवस्थापन सम्बन्धि प्रशिक्षण | मानव संसाधन |
| नगर उपप्रमुख | विभिन्न समितिको संयोजक भई कार्य गर्ने | • अनुगमन समितिको संयोजक भई काम गरेको<br>• न्यायीक समितिको संयोजक भई काम गरेको ।<br>• राजस्व परामर्श समितिको संयोजक भइ काम गरेको<br>• बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भइ काम गरेको | • राजस्व सुधार योजना निर्माण नभएको<br>• प्राय योजनाको अनुगमन भएपनि अनुगमन प्रतिवेदन अनुसार कार्य गर्न नसकिएको | • राजस्व सुधार कार्ययोजना निर्माण<br>• बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धि अभिमुखीकरण<br>• अनुगमन तथा मूल्यांकन सम्बन्धि क्षमता विकास कार्यक्रम | मानव संसाधन<br>प्रणालीगत |
| वडा अध्यक्ष | • कार्यपालिकाको सदस्य र वडा समितिको समन्वय कर्ता भई कार्य गर्ने | • वडामा निश्चित समयमा बैठक बस्ने गरेको<br>• सबै वडामा वडा कार्यालय भई नियमित सेवा प्रदान भएको | • सबै वडामा वडा सचिब नभएकोले १ जनालाई २ वटासम्म वडाको जिम्वेवारी दिएको | • योजना कार्यान्वयनमा गुणस्तरीयता अभिबृद्धि सम्बन्धि तालिम कार्यक्रम | मानव संसाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| | • योजना तथा कार्यक्रमको , कार्यान्वयनअनुगमन, समिक्षा गर्ने<br>• सिफारिस गर्ने तथा प्रमाणित गर्ने | • नागरिक बडापत्रमा उल्लेख भएको सेवा प्रवाह नियमित भएको | • करारमा कर्मचारी राखेर कार्यसंचालन गरेको<br>• योजना कार्यान्वयन, अनुगमन र समीक्षाको कार्यदक्षतामा कमि | | |
| कार्यपालिका सदस्य | • विषयगत क्षेत्रको संयोजक रहेर कार्य गर्ने<br>• कार्यपालिकाले तोकेको कार्य गर्ने | | | • कार्यपालिकाको भूमिका र विषय क्षेत्र को बारेमा अभिमुखिरण | मानव संसाधन |
| प्रमुख प्रशासकीय अधिकृत | • कार्यपालिकाको निर्णय कार्यान्वयन सम्बन्धि<br>• दैनिक प्रशासन संचालन सम्बन्धित<br>• योजना, सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा लेखा परीक्षण सम्बन्धि<br>• अनुगमन र मुल्यांकन सम्बन्धि | • सबै प्रकारका प्रशासनिक कार्य र बैठकहरु समयमै संचालन गरेको<br>• नगरसभा समयमै सम्पन्न गरेको, खर्चागारने अख्तियारी प्राप्तगरी budget कार्यन्वयन गरेको, आर्थिक कारोबारको अभिलेख राख्न लागाएको<br>• कार्यपालिकाको प्रतिनिधित्व गरि अन्तर सरकारी तहको बैठकमा भाग लिने गरेको | • खरिद गुरुयोजना नबनाएको<br>• साझा सरोकारको विषयमा अन्तर स्थानीय तह सहकार्य र समन्वय गर्ने नीति, संरचना प्रभावकारी नभएको<br>• सेवा प्रतिको सन्तुस्टी मापन नभएको<br>• गत वर्षको अन्तिम लेखा परीक्षण भई कूल खर्चको ५ प्रतिशत भन्दा बढी वेरुजु देखिएको | • सार्वजनिक खरिद सम्बन्धित आधारभूत तालिम,<br>• अन्तर स्थानीय तह सहकार्य र समन्वय सम्बन्धित अभिमुखीकरण<br>• सेवा प्रतिको सन्तुस्टी मापन कार्यक्रम<br>• लेखापरीक्षण तथा बेरुजु फर्छ्यौट सम्बन्धित प्रशिक्षण | मानब संसाधन |
| **विषयगत शाखाहरु:** | | | | | |
| प्रशासन, योजना तथा अनुगमन शाखा | • वार्षिक तथा आवधिक योजना तयार गर्ने<br>• जनसहभागीतात्मक योजना निर्माण गर्ने र योजनाको प्राथमिकता निर्धारण गर्ने | • आवधिक योजना तयार भएको तर मध्यकालीन खर्च संरचना तयार नभएको<br>• सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नभएको<br>• वार्षिक प्रगति समिक्षा नभएको | • नगरपालिकाको आवधिक योजना अनुसार मध्यकालीन खर्चको अवस्थाको बिस्लेषण नभएको<br>• जवाफदेहिताको अभिविद्धि | • जवाफदेहिताका औजारहरुको अभिमुखिरण<br>• सेवाग्राहीको सन्तुस्टी मापन | मानव संसाधन<br><br>प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | • O & M survey गरि नगरपालिकाको कर्मचारी संरचना चुस्त बनाउने<br>• जवाफदेहिताका औजारहरु प्रयोग गर्ने<br>• पदाधिकारी र कर्मचारीको आचार संहिता बनाएर लागु गर्ने<br>• दिगो विकासका लक्षहरु स्थानीयकरण गर्ने<br>• कर्मचारीहरुको कार्य सम्पादन सम्झौता तयार गरि लागु गर्ने<br>• क्षमता विकासका कार्यक्रमहरु पहिचान गरि बजेटको व्यवस्था गर्ने | • नगरपालिकाको जम्मा स्वीकृत दरवन्दी मध्धे पदहरु रिक्त रहेको<br>• सेवाग्राही सन्तुस्टी सर्वेक्षण नभएको<br>पदाधिकारीको आचार संहिता लागु भएको तर कर्मचारीको नबनेको<br>• क्षमता विकास योजना नबनेको | • वार्षिक प्रगति समिक्षा नभएकोले वार्षिक कार्यक्रम र budget बीचको उपलब्धि मापन गर्न नसकिएको<br>• सेवाग्राहीको सन्तुस्टी मापन नभएको<br>• पदाधिकारी र कर्मचारीको क्षमता पहिचान र क्षमता विकासका कार्यक्रमहरु संचालन नभएको<br>• दिगो विकासका लक्षहरु स्थानीयकरण गर्ने नीति नभएकोले नेपाल सरकारले लिएको नीतिलाई टेवा पुर्याउन नसकेको | • दिगो विकासका लक्षहरु स्थानीयकरण सम्बन्धि अभिमुखिरण कार्यक्रम<br>• बजेट तथा कार्यक्रम निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय सम्बन्धि अनुशिक्षण | |
| महिला तथा बालबालिका/सामाजिक विकास शाखा तथा स्वास्थ्य शाखा | • नगरपालिकाको जनसहभागिता नीति बनाई लागु गर्ने<br>• लक्षित वर्गको सहभागीता र आवधिक र वार्षिक योजनामा लक्षित वर्गको budget को सुनिस्चितता गर्ने<br>• बेरोजगारहरुको तथ्यांक संकलन गर्ने | • समानुपातिक सामाजिक समावेसीकरणलाई प्राथमिकता दिएको<br>• बनेका समिति, कार्यदलहरु समावेसी रहेको<br>• लक्षित वर्गका कार्यक्रमहरु संचालन भएको<br>• नगरपालिकामा ---स्वास्थ्य चौकी रहेका<br>• सामाजिक विकास समिति गठन भई कार्य गरि रहेको | • लक्षित वर्गका कार्यक्रमहरु संचालन भएको तर अपेक्षित उपलब्धि प्राप्त नभएको<br>• स्वास्थ्य चौकीमा दरवन्दी अनुसारको स्वास्थ्य कर्मी नभएको<br>• स्वास्थ्य सेवामा नागरिकहरुको पहुचको अध्ययन नभएको<br>• सामाजिक विभेदको न्यूनीकरण नभएको | • लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण<br>• लैंगिक उत्तरदायी बजेट परीक्षण<br>• लैंगिक समानता तथा सामाजिक समावेशीकरणको र जनसहभागिताको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन | सस्थागत<br>सस्थागत<br>सस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्वास्थ्य सेवामा नागरिकहरुको पहुच सुनिस्चित गर्ने | | | • स्वास्थ्य सेवामा नागरिकहरुको पहुचको अध्ययन | सस्थागत |
| पूर्वाधार विकास तथा वातावरण शाखा | • भवन सम्बन्धित मापदण्डको तर्जुमा, कार्यन्वयन र नियमन<br>• अपाङ्ग मैत्री तथा वातावरण मैत्री संरचनाको निर्माण तथा व्यवस्थापन<br>• वातावरण, सरसफाई तथा विपद व्यवस्थापन | • विपद व्यवस्थापन कार्यविधि रहेको<br>• अपाङ्ग मैत्री तथा वातावरण मैत्री संरचनाको निर्माण तथा व्यवस्थापन सुरु भएको<br>• फोहोर मैला व्यवस्थापनको लागि नीति निर्धारण भएको | • रास्ट्रिय भवनसंहिता र स्थानीय भवन मापदण्ड तयार नभएको<br>• सार्वजनिक निजि क्षेत्र साझेदारी सम्बन्धि नीति तर्जुमा नभएको<br>• पूर्वाधार विकास शाखामा जनशक्ति पूर्ण नभएको | • सार्वजनिक निजि क्षेत्र साझेदारी सम्बन्धि नीति तर्जुमा<br>• सरसफाई र पोषण सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन<br>• एकीकृत वस्ती विकास कार्यविधिको तयारी | सस्थागत<br>सस्थागत<br>सस्थागत |
| शिक्षा शाखा | • बालविकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा,विशेष शिक्षा सम्बन्धि<br>• संचालन भएका विधालयको अनुगमन, मूल्यांकन र पृष्टपोषण<br>• बिधालयकोहरुको सम्पति तथा जग्गा व्यवस्थापन एबम अभिलेख<br>• विधालयमा जाने अनुदान तथा बजेटको व्यवस्थापन | • ८९ वटा सामुदायिक बिधलायमा १२ वटा माध्यमिक, १२ वटा आधारभूत (६-८) र ६५ वटा आधारभूत बिधालय भएको<br>• जम्मा ६ वटा निजि स्कूल मध्धे १ वटा माध्यमिक बिधालय रहेको<br>• शिक्षकको दरबन्दी मर्ज तथा मिलान गरेको<br>• बिधालयमा जाने अनुदान तथा बजेटको व्यवस्थापन, लेखा अनुशासन, अनुगमन त नियमन गर्ने गरेको | • माध्यमिक तहमा ३८ जना, आधारभूत (६-८) मा ७३ जना र आधारभूत (१-६) मा १४ जना शिक्षक दरवन्दी खाली रहेको<br>• सामुदायिक विधालय तथा बालविकास केन्द्रहरुमा जाने अनुदान सम्बन्धि कार्यविधि नभएको<br>• नगरपालिकामा कृषि, पशु, होटेल व्यवस्थापन, इन्जीनियरिंग विषयको शिक्षण सिकाईको आवस्यकता | • सेवाकालीन तालिम संचालन<br>• शिक्षक तथा कर्मचारीलाई कम्प्यूटर तालिम संचालन<br>• अतिरिक्त शैक्षिक क्रियाकलाप संचालनको अभिमुखीकरण कार्यक्रम<br>• प्रधानाध्यापकहरुलाई नेतृत्व विकास, सार्वजनिक ओकरिड एबम लेखापालन सम्बन्धि प्रशिक्षण | मानव संसाधन<br>मानव संसाधन<br>प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • सेवाकालीन तालिम प्रदान गरेको | • शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकासमा उलेख्य काम हुन नसकेको | • कर्मचारिहरुलाई सार्वजनिक खरिद तथा लेखापालन सम्बन्धि तालिम | |
| आर्थिक प्रशासन शाखा | • आय व्ययको विवरण तयार गर्ने<br>• आन्तरिक लेखापरीक्षण गर्ने<br>• एकिकृत आर्थिक विवरणको तयारी गर्ने<br>• तोकिएको समयमा प्रगती विवरण प्रेषण गर्ने / सार्वजनिक गर्ने | • आर्थिक प्रणाली संचालन गर्न SuTRA को प्रयोग भएको<br>• आन्तरिक लेखापरीक्षण प्रणाली प्रभाबकारी भएको<br>• सबै भुक्तानी बैंकिंग प्रणालीबाट भएको<br>• वार्षिक खरिद योजना भएको | • आय व्ययको विवरण सार्वाजनिकरण गर्ने नगरेको<br>• खरिद गुरु योजना तयार नभएको<br>• गत वर्ष कूल खर्चको ५ प्रतिशत बेरुजु औल्याईएको<br>• दरवन्दी अनुसार पदपूर्ति नभएको | • SuTRA, NAMS, PAMS, आन्तरिक लेखा प्रणाली सम्बन्धि पुनर्ताजगी तालिम<br>• पदाधिकारी तथा कर्मचारीलाई लेखा व्यवस्थापन सम्बन्धि तालिम<br>• खरिद गुरुयोजना निर्माण | मानव संसाधन<br>मानव संसाधन |
| कृषि तथा पशु विकास शाखा | • कृषकहरुको क्षमता अभिवृद्धि<br>• परम्पागत खेति/पशुपालन प्रणालीलाई व्यवसायिक बनाउने<br>• किसानहरुको समस्या पहिचान तथा समाधान<br>• उन्नत नस्लको प्रयोग र ब्यवसायिकरण<br>• मासुमा आत्मनिर्भर नगरपालिका बनाउने | • परम्पागत खेति/पशुपालन व्यवसायिक तर्फ रुपान्तरण हुदै गरेको<br>• पशुपालक/कृषक आत्मनिर्भर हुदै गएको<br>• उन्नत नस्ल र बिउबिजनको प्रयोगले ब्यवसायिकरण बढेको | • दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नभएको<br>• कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको<br>• बीउ बिजब, मलखाद तथा नियमन सम्बन्धि कार्यविधि नभएको<br>• कार्य क्षेत्रमा जना यातायातको साधन नभएको<br>• कार्यकक्ष र गोदामको अपर्याप्तता | • कर्मचारीको पदपूर्ति<br>• A.I. ToT तालिम<br>• कर्मचारीको लागि कार्यकक्ष र सामाग्री राख्न गोदामको व्यवस्थापन<br>• कृषि उपज संकलनको लागि संकलन केन्द्रको आवस्यकता<br>• पाण्डेमिक, इपिडेमिक रोग तथा किराकरुको नियन्त्रण/व्यवस्थापनको लागि सीपमुलक तालिमको आवस्यकता | प्रणालीगत<br>मानव संसाधन<br>मानव संसाधन<br>सस्थागत<br>मानव संसाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य शाखा | • नगर अस्पताल संचालन गर्ने<br>• सबै वडामा स्वास्थ्य सस्था र कार्यक्रम संचालन गर्ने<br>• सरकारले निशुल्क प्रदान गरेका औषधि र सेवाहरु संचालन गर्ने<br>• सरुवा तथा दिर्घ रोग पहिचान गरि निवारणका कार्यहरु गर्ने | • नगरपालिकामा सबै ११ वडामा स्वास्थ्य चौकी स्थापना भएको<br>• १५ शैयाको नगर अस्पताल संचालनमा रहेको<br>• ५ वटा सहरी स्वास्थ्य केन्द्र संचालन भएको<br>• नगरपालिकाले ५ शैयाको थप एउटा अस्पताल चलाएको<br>• सबै स्वास्थ्य सस्थाहरुमा स्वास्थकर्मी रहेको<br>• सरकारले निशुल्क प्रदान गरेका औषधि र सेवाहरु संचालनमा रहेका | • एम्बुलेन्स संचालन नभएको<br>• दरवन्दी अनुसारको पदपूर्ति नभएको<br>• स्वास्थ्य कर्मीहरुलाई Skill Birth Attendence तालिम पूर्ण नभएको<br>• गर्भवती जाच गर्न Video X-ray तालिम नभएको<br>• नगरपालिका पोषणको क्षेत्रमा कमजोर भएकोले स्वस्थाकर्मिहरुलाई पोषणको तालिम नभएको | • दरवन्दी अनुसारको पदपूर्ति<br>• स्वास्थ्य कर्मीहरुलाई Skill Birth Attendence तालिम<br>• गर्भवती जाच गर्न Video X-ray तालिम<br>• स्वास्थ्यकर्मिहरुलाई पोषणको तालिम<br>• नेतृत्व विकास तालिम | सस्थागत<br><br>मानव संसाधन |

## ९.२) संस्थागत विश्लेषण (संस्थागत क्षमता स्वमूल्यांकनको आधारमा)

| | स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पूर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल Gap | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|---|
| **१** | **शासकीय प्रबन्ध** | **९** | **८** | | | |
| १.१.१ | सभाको संचालन प्रक्रिया | १ | १ | अन्तराल नदेखिएको | सभाको संचालन कार्यविधि सम्बन्धि अभिमुखीकरण कार्यक्रम | प्रणालीगत |
| १ १.२. | कार्यपालिकाको निर्णय प्रक्रिया | १ | १ | अन्तराल नदेखिएको | | |
| १.१.३. | सभाले/कार्यपालिकाले बनाएका स्थानीय कानूनको सर्वाजनिकरण | १ | १ | अन्तराल नदेखिएको | | |
| १२.१. | सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धि कार्यविधि | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.२. | कार्यपालिकाको संचालन) बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.३. | आन्तरिक नियन्त्रण प्रणाली | १ | ०.५ | आन्तरिक नियन्त्रण प्रणालीको कार्यविधि तयार भएको तर कार्यन्वयन नभएको | आन्तरिक नियन्त्रण प्रणालीको बारेमा अनुशिक्षण | सस्थागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.४. | स्थानीय तहका पदाधिकारीहरुको सम्पति विवरण | १ | १ | अन्तराल नदेखिएको | | |
| १.३.१. | मुल्यांकन आबधिमा बसेको कार्यपालिकाको बैठक संख्या | १ | १ | अन्तराल नदेखिएको | | |
| १३.२. | लेखा प्रणालीमा SuTRA को प्रयोग | १ | १ | अन्तराल नदेखिएको | लेखा प्रणालीमा SuTRA को रिफ्रेसर तालिम | मानब संसाधन |
| **२** | **संगठन तथा प्रशासन** | **८** | **५** | | | |
| २१.१. | क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन | १ | ०.७५ | लक्ष्यको ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको | नगरपालिकाको क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन | प्रणालीगत |
| २.१.२. | प्रतिवेदन तथा विवरण प्रेषण | १ | ० | संघलाई पठाउनुपर्ने प्रतिवेदन र बिबरणहरु तोकिएको समयमा नपठाईएको र विवरणहरु वेबसाईट मार्फत सार्वजनिक नगरिएको | दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति, कार्ययोजना र प्रतिवेदन सम्बन्धी प्रशिक्षण | मानब संसाधन |
| २२.१. | विषयगत बिभाग/महाशाखा शाखा/ उपशाखा/ इकाईहरु एबम जनशक्तिको काम, कर्तब्य, अधिकार र जिम्बेवारिको कार्यविबरण | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.२. | स्थाई पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पद पूर्ति | १ | १ | अन्तराल नदेखिएको | | |
| २ २.३. | कार्मचारिको कार्यसम्पादन सम्झौता | १ | ०.५ | प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच मात्र कार्य सम्पादन सम्झौता भएको | कार्य सम्पादन सम्बन्धित अभिमुखीकरण कार्यक्रम | प्रणालीगत |
| २.३.१. | जनशक्ति क्षमता विकासमा लगानी | १ | ० | जनशक्ति क्षमता विकासमा लगानी कूल चालु खर्चको ०.५ प्रतिशत भन्दा कम भएको | पदाधिकारी र कर्मचारीको क्षमता पहिचानको/Capacity Mapping/ को कार्यक्रम गर्ने | मानब संसाधन |
| २३.२. | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन | १ | १ | अन्तराल नदेखिएको | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ ३.३. | क्षमता विकास कार्यक्रमा कर्मचारी र पदाधिकारिहरुको सहभागिता | १ | १ | अन्तराल नदेखिएको | | |
| **३** | **वार्षिक बजेट तथा योजना व्यवस्थापन** | **११** | **६** | | | |
| ३.१.१. | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना | १ | ०.५ | मध्यकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नभएको | आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको अभिमुखिकरण कार्यक्रम | मानव संसाधन |
| ३.१.२. | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय | १ | १ | अन्तराल नदेखिएको | | |
| ३.२.१. | दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण | १ | ० | दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणको नीति तथा कार्ययोजना नबनेको र वार्षिक योजनामा समावेस नभएको | दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण नीति तथा कार्ययोजनाको बारेमा तालिमको कार्यक्रम | मानव संसाधन |
| ३.२.२. | विषय क्षेत्रगत रुपमा बजेट सिलिंग निर्धारण | १ | १ | अन्तराल नदेखिएको | | |
| ३.२.३. | बजेट प्रस्तुति तथा स्वीकृति | १ | १ | अन्तराल नदेखिएको | | |
| ३.२.४. | गैरसरकारी सस्थाहरुले नगर सभाबाट पारित गरि योजना कार्यन्वयन | १ | ० | सबै गैससका कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयनमा नआएका | गैसस कार्यक्रमलाई पालिकाको वार्षिक कार्यक्रममा समावेश गर्न अभिमुखीकरण कार्यक्रम | सस्थागत |
| ३३.१. | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | १ | ० | कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशत नपुगेको | आन्तरिक आयको तुलनात्मक रुपमा आय वृद्धि सम्बन्धी सरोकारवालासंग छलफल कार्यक्रम | सस्थागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३.२. | पाचलाख भन्दा काम लागतका योजनाले कूल पुजीगत बजेटको ओगटेको हिस्सा | १ | १ | अन्तराल नदेखिएको | | |
